स्थानः नगरपालिकाको सभाहल

समयः दिनको १.०० बजे

आज मिति २०७८/०५/०३ गतेका दिन सन्धिखर्क नगरपालिका नगर कार्यपालिकाको बैठक सन्धिखर्क नगरपालिकाका नगरप्रमुख श्री कमल प्रसाद भुसालको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो।

कार्यपालिका बैठक नम्बरः ५१ औं (२०७८/०७९-३)

| क्रम संख्या | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | नगर प्रमुख श्री कमल प्रसाद भुसाल | |
| २. | सदस्य | उपप्रमुख श्री ठाकुर कुमार वि.क | |
| ३. | सदस्य का.वा अध्यक्ष | श्री खिमानन्द पराजुली | |
| ४. | सदस्य का.वा अध्यक्ष | श्री यमलाल पौडेल | |
| ५. | सदस्य | श्री लिलाराम गौतम | |
| ६. | सदस्य | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री राजेन्द्र भुसाल | |
| ८. | सदस्य | श्री कृष्ण प्रसाद आचार्य | |
| ९. | सदस्य का.वा अध्यक्ष | श्री विस्नु प्रसाद भुसाल | |
| १०. | सदस्य का.वा अध्यक्ष | श्री देवी थापा (भुसाल) | |
| ११. | सदस्य | श्री देवि बहादुर रायमाझी | |
| १२. | सदस्य | श्री लक्ष्मी नारायण चुँदाली | |
| १३. | सदस्य | श्री ध्रुव राज आचार्य | |
| १४. | सदस्य | श्री नारायण खड्का | |
| १५. | सदस्य | श्री लक्ष्मी नेपाली | |
| १६. | सदस्य | श्री मान बहादुर सुनार | |
| १७. | सदस्य | श्री श्रृजना वि.क | |
| १८. | सदस्य | श्री पदमा भुसाल | |
| १९. | सदस्य | श्री यमकला थापा क्षेत्री | |
| २०. | सदस्य | श्री बसन्ता के.सी | |
| २१. | सदस्य | श्री हिमकला टोमटा | |
| २२. | सदस्य | श्री रुपा वि.क | |
| २३. | सदस्य-सचिव | श्री नारायण अर्याल | |

मितिः२०७८/५/०३ गतेको कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं १.

- सन्धिखर्क नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट आ.व २०७८/०७९ को नगर दररेट तयार भइ पेस भएको मस्यौदा माथि छलफल भई सन्धिखर्क नगरपालिकाको आ.व २०७८/०७९ को नगरदररेट स्वीकृत गर्ने।

निर्णय नं २.

सन्धिखर्क नगरपालिकाबाट आ.व २०७७/०७८ मा नगरपालिकाको नाममा दायित्व श्रृजना भई विभिन्न कारणले भुक्तानी हुन बाँकी खाता तथा कच्चाबारी रहेका विभिन्न खर्चका दायित्वहरू आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली २०७७ को नियम [illegible](३) अनुसार भुक्तानी गर्ने।

निर्णय नं ३.

- शहरी शासकीय तथा पूर्वाधार आयोजना तर्फ प्राप्त बजेटबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरूं छनौट गरी कार्यान्वयन गर्ने।

निर्णय नं ४.

- सन्धिखर्क नगरपालिकाको सभाहल एक तला मात्र रहेको जसले समग्र नगरपालिकाको प्रशासनीक कामकाज तथा सेवा प्रवाहमा असहजता उत्पन्न भएकोले DPR बमोजिम उक्त सभाहलमा थप २ तल्ला थप्न मिल्ने अवस्था रहेकोले सोको लागि आवश्यक बजेट उपलब्ध गराइ यस नगरपालिकाको भौतिक पूर्वाधार निर्माणमा सहयोग गर्न स्थानीय पूर्वाधार विभाग ( डोलि ) लाई सर्वसम्मत रूपमा अनुरोध गर्ने ।

निर्णय नं ५.

- सन्धिखर्क नगरपालिकाबाट आ.व २०७७/०७८ मा सम्पादित कार्यहरूको वार्षिक समिक्षा गोष्ठी हाल चलिरहेको निषेधाज्ञाको अन्त्य भए पश्चात आयोजना गर्ने।

निर्णय नं ६.

- सन्धिखर्क नगरपालिकाबाट आ.व २०७८/०७९ मा स्वीकृत विभिन्न योजना तथा कार्यक्रमहरूको कार्यान्वयन प्रक्रिया आगाडी बढाउने।

निर्णय नं ७.

- सन्धिखर्क नगरपालिका वडा नं २ र ८ मा अवस्थित श्री भगवती माध्यमिक विद्यालय संखेटारी र श्री जनता कृष्ण माध्यमिक विद्यालय किमडाँडा पकलेबाट क्रमश कानुन संकाय र बाली विज्ञान (प्राविधिक धार) सञ्चालनको लागि अनुमति माग भै आएको र उल्लिखित विद्यालयहरूमा कक्षा ११ सञ्चालन भई रहेको हुँदा विद्यालयबाट माग भए बमोजिम कक्षा १२ सञ्चालनको लागि अनुमति दिने ।

निर्णय नं ८.

- सन्धिखर्क नगरपालिकाबाट २०७८ असार मसान्त सम्म कार्य सम्पन्न गर्ने गरी ठेक्का व्यवस्थापन भएका देहायका योजना तथा कार्यक्रमहरू कोभिड-१९ का कारण समयमै कार्य सम्पन्न हुन नसकेकाले उक्त योजनाहरूको देहाय बमोजिम कार्य सम्पन्न गर्ने गरी म्याद थप गर्ने ।

**आ.व.२०७७/०७८ मा ठेक्का भएका म्याद थप गर्नु पर्ने योजनाको विवरण**

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | फर्मको नाम | सम्झौता मिति | कार्यसम्पन्न मिति | म्याद थप मिति | सम्झौता रकम |
|---|---|---|---|---|---|---|---|
| १ | ३ | चुत्रावेशी-कुर-लात्तेवाझ सडक स्तोरन्ती | खाँची निर्माण सेवा | ०७७/७/२७ | ०७७/१२/३० | २०७८/७/३० | ११६२१३०९ |
| २ | ४२ | चुत्रावेशी-कुरा-नेटा पल्लावारी सडक स्तरोन्नती कार्य (तेस्रो) | भुसाल कन्स्ट्रक्सन एण्ड सप्लार्यस | २०७७/१२/१७ | २०७८/२/३१ | २०७८/१२/३० | १२३८५०९।३ |
| ३ | २९ | चुत्रावेसी-अर्घा सडक स्तरोन्नती (प्रथम) | सागर निर्माण सेवा | ०७७/१०/१३ | ०७८/०२/३० | २०७८/७/३० | ९११७७४२.१ |
| ४ | ४१ | चुत्रावेशी-अर्घा सडक स्तोरन्ती (दोश्रो) | भुसाल कन्स्ट्रक्सन एण्ड सप्लार्यस | २०७७/१२/१७ | २०७८/२/३१ | २०७८/१२/३० | ३५६०७३०।६८ |
| ५ | ५५ | दुवार–गच्छे–स्याले पशुसेवा कार्यालय–हटारीनेटा सन्धिखर्क बजारका सडक कालोपत्रे/ग्राभेल सडकहरु मर्मत कार्य | इच्छा निर्माण सेवा | ०७८/२/६ | ०७८/३/२० | ०७८/७/३० | ३९०२६३२।८६ |
| ६ | ५६ | जगत–हटारी–गौतमबुद्धमार्ग–सन्धिखर्क–चुत्रावेसी (बजारका भित्रीबाटाहरु समेत)–कुर– भक्तीटोला– घोचेखोलाका सडक स्तरोननती र मर्मत कार्य | इच्छा निर्माण सेवा | ०७८/२/६ | ०७७/३/२० | ०७८/७/३० | ५१९८३३६।७४ |
| ७ | ५९ | औद्योगिकग्राम निर्माण कार्य सनपा–१० | कमल निर्माण सेवा | ०७८/२/१६ | ०७८/३/२५ | २०७८/७/३० | ४१२५३१६।९९ |
| ८ | ६९ | औद्योगिकग्राम निर्माण कार्य सनपा–१० | कमल निर्माण सेवा | ०७८/३/२३ | ०७८/३/३१ | २०७८/७/३० | २४१४२०६।१६ |

निर्णय नं ९.

- सन्धिखर्क नगरपालिका भित्र रहेका बाँगी र जरे खोलाबाट आ.व २०७८/०७९मा नदी जन्य पदार्थ उत्खनन् तथा संकलनका लागि नगरकार्यपालिकाबाट तयार भई पेस भएको कार्ययोजना स्वीकृत गर्ने र उल्लिखित खोलाहरूबाट प्राम्भिक बातावरणीय परीक्षण ( IEE) ले सिफारिश गरेको परिमाणमा प्रदेश कानुनले तोकेको दरमा न्यूनतम अंक कायम गरी ठेक्का व्यवस्थापनको प्रक्रिया अगाडि बढाउने ।

निर्णय नं १०.

- सन्धिखर्क नगरपालिका नगरकार्यपालिकाबाट गरिएको दरवन्दी मिलानको कार्य कार्यान्वयन गर्दा थप आन्तरिक तयारीका साथ तयार गरी पेस गर्ने।

निर्णय नं ११.

- सन्धिखर्क नगरपालिका वडा नं ८ गौतम आ.वि र सोही वडा कै जनता आ.वि बाट कक्षा ६ थपका लागि विद्यालय व्यवस्थापन समितिको निर्णय सहित विद्यालयको पत्र र वडा कार्यालयको सिफारिसपत्र सहित माग भै आए बमोजिम सन्धिखर्क नगरपालिकालाई आर्थिक दायित्व श्रृजना नहुने गरी र कक्षा थप गर्दा श्रृजना हुने दायित्व स्वयम विद्यालयहरूले नै व्यहोर्ने गरी कक्षा थपको अनुमति दिने ।

निर्णय नं १२.

- सन्धिखर्क नगरपालिकाको आर्थिक ऐन २०७८ को दफा २३ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी सन्धिखर्क नगरपालिका भित्र रहेका विद्यालयहरूमा विद्यालयको लेखा परीक्षण गर्ने कार्यका लागि सूचिकृत शुल्क वापत रू १०००। (एक हजार ) लिने ।

निर्णय नं १३.

- सन्धिखर्क नगरपालिकाका पूर्व कार्यप्रालिका बैठकका निर्णयको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा गरियो ।